# स्थानीय राजपत्र

बौदीकाली गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ९, भाग २, संख्या ६, मिति २०८२ कार्तिक १८ गते

## भाग-२
## बौदीकाली गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय,
## डेढगाउँ, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बौदीकाली गाउँपालिका, गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# बौदीकाली गाउँपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावना:** बौदीकाली गाउँपालिकाभित्र रहेका बासिन्दालाई स्वास्थ्य सेवामा सर्वसुलभ पहुँच पुऱ्याउनका लागि एम्बुलेन्स सेवा सरल, भरपर्दो, व्यवस्थित, प्रभावकारी रुपमा सञ्चालन गरि एम्बुलेन्स सेवामा जनताको पहुँच बढाई सेवाको गुणस्तर वृद्धि गर्न वाञ्छनीय भएकाले, बौदीकाली

गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७८ को दफा (४) को अधिकार प्रयोग गरी बौदीकाली गाउँ कार्यपालिकाको निर्णय बमोजिम **एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,** २०८२ लागु गरिएको छ ।

## परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२" रहेको छ ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशित मितिदेखि लागू हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

(क) “अध्यक्ष" भन्नाले बौदीकाली गाउँपालिकाको अध्यक्ष सम्झनुपर्छ ।

(ख) "उपाध्यक्ष” भन्नाले बौदीकाली गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्छ ।

(ग) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बौदीकाली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(घ) "एम्बुलेन्स" भन्नाले विरामी ओसार्ने स्वीकृति प्राप्त गरेको वाहन सम्झनु पर्छ र सो शब्दले एम्बुलेन्समा जडित उपकरण, चालक र सह-चालक समेतलाई जनाउँछ ।

(ङ) "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने स्वास्थ्यकर्मी र चालक सम्झनुपर्छ ।

(च) "चालक” भन्नाले एम्बुलेन्स चलाउने चालक सम्झनुपर्छ ।

(छ) "कार्यपालिकाको कार्यालय" भन्नाले बौदीकाली गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

(ज) "संस्था" भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने बौदीकाली गाउँ कार्यपालिकाको कार्यालय वा अन्तर्गतका वडा कार्यालयहरु, स्वास्थ्य चौकी, सेवा केन्द्र र अन्य सरकारी तथा गैर सरकारी संस्था समेतलाई सम्झनुपर्छ ।

(झ) "सेवा" भन्नाले एम्बुलेन्सले बिरामीलाई दिने सम्पूर्ण सेवा सम्झनुपर्छ ।

(ञ) "सञ्चालन समिति" भन्नाले दफा ५ बमोजिम गठित एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ ।

(ट) "गाउँपालिका" भन्नाले बौदीकाली गाउँपालिकालाई सम्झनु पर्छ ।

(ठ) "कार्यपालिका" भन्नाले बौदीकाली गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ड) "सेवा शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरे बापत सेवाग्राहीले बुझाउनु पर्ने गरी समितिले तोकेको शुल्क सम्झनुपर्छ ।

## परिच्छेद २

## एम्बुलेन्स सञ्चालन सम्बन्धी व्यवस्था

३. एम्बुलेन्स सेवा अनुगमन समितिको गठनः (१) गाउँपालिका अन्तर्गतका अस्पताल, स्वास्थ्य चौकी, निजी संस्था मार्फत सञ्चालन गरिएको एम्बुलेन्स सेवाको गुणस्तर सुनिश्चितता, अनुगमन तथा रेखदेख गर्न एक गाउँपालिका स्तरीय एम्बुलेन्स सेवा अनुगमन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने समितिमा देहाय बमोजिमका संयोजक तथा सदस्यहरु रहनेछन् :-

| | | |
|---|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - | संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | - | सदस्य |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | - | सदस्य |
| (घ) सामाजिक विकास समितिको संयोजक | - | सदस्य |

(ङ) गाउँ सभाका सदस्यहरुमध्ये १ जना महिला सहित संयोजकबाट मनोनित २ जना - सदस्य

(च) गाउँपालिकाको स्वास्थ्य शाखा प्रमुख - सदस्य-सचिव

(३) समितिको कुल सदस्य संख्या मध्ये एकाउन्न प्रतिशत सदस्य उपस्थित भएमा बैठक बस्नको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(४) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य व्यवस्था र कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४. <u>एम्बुलेन्स सेवा अनुगमन समितिको काम कर्तव्य र अधिकारः</u> (१) दफा (३) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) एम्बुलेन्स सेवा प्रभावकारी रुपमा सञ्चालन गर्नका लागि आवश्यक नीति, मापदण्डको निर्माणका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

(ख) दफा ५ बमोजिम गठित समितिलाई आवश्यक निर्देशन दिने र सो बमोजिम कार्य भए/नभएको अनुगमन गर्ने,

(ग) दफा ५ बमोजिम गठित समितिले प्रभावकारी कार्य नगरेमा सो समितिका पदाधिकारी हेरफेर गर्ने वा खारेज गरी पुनःगठन गर्ने,

(घ) एम्बुलेन्स सेवाका लागि आवश्यक पर्ने जनशक्ति व्यवस्थापनमा सहजीकरण गर्ने,

(ङ) गाउँपालिका क्षेत्रभित्र निजी संस्थाहरुले सञ्चालन गरेको एम्बुलेन्स सेवाको समेत अनुगमन गर्ने,

(च) एम्बुलेन्स सेवा शुल्क वापतको रकमको हिसाब किताबको अनुगमन तथा एम्बुलेन्स चालकको सेवा सुविधाको निर्धारण गर्ने,

(छ) एम्बुलेन्स सेवाका बारेमा कुनै गुनासो, उजुरी आएमा सोको सुनुवाई गर्ने तथा उजुरी वा गुनासो उपर उचित व्यवस्थापन गर्ने,

(ज) कार्यपालिकाले निर्धारण गरेको सेवा शुल्कलाई प्रत्येक दुई वर्षमा बजार भाउ, महंगीको अवस्था, इन्धनको दररेट लगायत निश्चित मापदण्डको आधारमा पुनरावलोकन गर्न कार्यपालिका समक्ष सिफारिस गर्ने ।

(झ) अन्य काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

<u>५. एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिः</u> (१) गाउँपालिकाको अनुदान मार्फत स्वास्थ्य संस्था, अस्पतालबाट संचालन गर्ने एम्बुलेन्स सेवाको हकमा देहाय बमोजिमको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

| | | |
|---|---|---|
| (क) गाउँपालिका अध्यक्ष वा निजले तोकेको जनप्रतिनिधि | - | अध्यक्ष |
| (ख) अध्यक्षले तोकेको अस्पताल सञ्चालन समितिका सदस्य | - | सदस्य |
| (ग) सम्बन्धित वडाको वडा अध्यक्ष | - | सदस्य |
| (घ) गाउँपालिका राजश्व शाखा प्रमुख | - | सदस्य |
| (ङ) स्वास्थ्य शाखा प्रमुख | - | सदस्य |
| (च) अस्पतालमा कार्यरत अधिकृतस्तरको कर्मचारी | - | सदस्य |
| (छ) अस्पतालमा कार्यरत प्रशासनतर्फको कर्मचारी | - | सदस्य सचिव |

(२) समितिको बैठक आवश्यकता अनुसार बस्नेछ । समितिको बैठक भत्ता सेवा सुविधाका सम्पूर्ण व्यवस्था गाउँपालिका कार्यालयले तोके अनुसार वा गाउँपालिका कार्यविधि अनुसार हुनेछ ।

६. <u>एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u> (१) दफा (५) बमोजिम गठन भएको समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) एम्बुलेन्स सेवा पारदर्शी, सरल, भरपर्दो र व्यवस्थित रुपमा सञ्चालन गर्ने, गराउने,

(ख) एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिता लागु गराउने तथा यस कार्यविधि बमोजिमको आचारसंहिता पालना नगर्ने चालकलाई चेतावनी दिने र आचारसंहिता पालना गर्न लगाउने,

(ग) जिल्ला स्तरमा एम्बुलेन्स सम्बन्धी दररेट निर्धारण गर्ने निकायको सिफारिस बमोजिम आवश्यकता अनुसार परिमार्जन गर्न सहजीकरण गर्ने,

(घ) एम्बुलेन्स सेवाको बारेमा अन्य संघ संस्था, सरोकारवाला वा उपभोक्तासँग समय समयमा समन्वयन गर्ने,

(ङ) एम्बुलेन्स सेवा वापत संकलित रकम समयमै राजश्व दाखिला गर्न लगाउने,

(च) चालकले अनुसूचि-२ बमोजिम सेवा शुल्क लिई वैंक दाखिला गरे नगरेको समय समयमा निरीक्षण गर्ने,

(ज) अन्य काम, कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(२) समितिको सदस्य-सचिवले सेवा प्रवाहको स्थितिको चौमासिक विवरण कार्यपालिकामा पेश गर्नु पर्नेछ । साथै वार्षिक अद्यावधिक विवरण प्रत्येक वर्षको असार मसान्तमा कार्यपालिकामा पेश गरी गाउँ सभामा अनुमोदन गराउनु पर्नेछ ।

## परिच्छेद ३

## कर्मचारी व्यवस्थापन तथा नियुक्ति सम्बन्धी व्यवस्था

७. कर्मचारीको नियुक्तिः (१) एम्बुलेन्स सेवा सञ्चालन गर्नका लागि एकजना योग्यता पुगेको चालक सेवा करारमा नियुक्त गरिनेछ । प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा गाउँपालिकाका विभिन्न शाखाका शाखा प्रमुख रहने कम्तिमा ५ सदस्यीय भर्ना समितिको गठन गरी सो समितिबाट चालक भर्नाका लागि आवश्यक शैक्षिक योग्यता, अनुभव तथा अन्य आधार तयार गर्ने तथा चालक नियुक्ति सम्बन्धी सबै कार्य गाउँपालिकाको प्रचलित कानून बमोजिम गर्नेछ ।

८. पारिश्रमिक तथा सेवा शर्तहरुः (१) एम्बुलेन्स चालकको पारिश्रमिक तथा सेवा शर्तहरु देहाय बमोजिम हुनेछ :-

(क) चालकको तलब भत्ता नेपाल सरकारले सम्बन्धित पदको लागि निर्धारण गरे बमोजिम हुनेछ । अन्य सेवा सुविधाको सम्बन्धमा सेवा शुल्क बापत उठेको रकम पर्याप्त भएमा र आवश्यकताको आधारमा दफा ३ बमोजिमको समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

(ख) चालकको रु दुई लाख सम्मको दुर्घटना विमा गरिनेछ । विमाको प्रिमियम वापतको रकम यस कार्यविधि बमोजिमको कोषबाट बेहोरिनेछ ।

(ग) चालकले पालना गर्नुपर्ने आचारसंहिता अनुसूची-१ मा उल्लेख भए अनुसार हुनेछ ।

(घ) गाउँपालिकाले प्रत्येक वर्ष एम्बुलेन्स चालकको स्वास्थ्य परिक्षण गराउनेछ ।

(ङ) चालकले एम्बुलेन्स प्रयोगको लगबुक अनुसूचि २ बमोजिमको ढाँचामा राख्नु पर्नेछ ।

(च) चालकको करार नवीकरण निजको कार्यसम्पादनको मूल्याङ्कन गरी प्रत्येक आर्थिक वर्षको शुरुवातमा गरिनेछ । स्वास्थ्य परिक्षण गर्दा समस्या हुने, आचारसंहिता पालना नगर्ने र कमजोर कार्यसम्पादन गर्ने चालकको करार नवीकरण हुने छैन ।

(छ) पदमुक्त हुनुभन्दा अगाडि आफ्नो लिखित सफाई पेश गर्ने मौका दिईनेछ ।

(ज) चालकको तलब भत्ता लगायत अन्य सुविधा यसै कार्यविधि बमोजिमको कोषबाट बेहोरिनेछ । तर उक्त कोषमा रकम अपुग भएमा गाउँपालिकाको स्वीकृत वार्षिक बजेटबाट भुक्तानी गर्न बाधा पर्ने छैन ।

## परिच्छेद ४
## सेवा शुल्क तथा मर्मत सम्भार सम्बन्धी व्यवस्था

९. सेवा शुल्क सम्बन्धी व्यवस्थाः एम्बुलेन्स सेवा प्रयोग गरे बापत सम्बन्धित सेवाग्राहीले कार्यपालिकाले निर्धारण गरे बमोजिमको रकम सेवा शुल्कको रुपमा बुझाउनु पर्नेछ । सेवा शुल्क

वापत लिइने रकम नगदी रसिद काटी दफा १० बमोजिमको कोषको बैंक खातामा जम्मा गर्ने जिम्मेवारी चालकको हुनेछ ।

**१०. <u>एम्बुलेन्स सञ्चालन कोषको व्यवस्थाः</u>** (१) एम्बुलेन्स सेवा प्रयोग गरे बापत उठेको रकम जम्मा गर्न, कर्मचारी तलब भत्ताको व्यवस्था गर्न तथा एम्बुलेन्स मर्मत सम्भार गरी नियमित सञ्चालन गर्न एक छुट्टै एम्बुलेन्स सञ्चालन कोषको व्यवस्था गरिनेछ । कोषको श्रोतहरु देहाय बमोजिम हुनेछ :

(क) सेवाग्राहीबाट प्राप्त सेवा,

(ख) नेपाल सरकार, प्रदेश सरकार, गाउँपालिका र कुनै संस्था वा व्यक्तिबाट एम्बुलेन्स सञ्चालनका लागि प्राप्त रकम,

(ग) अन्य श्रोतबाट प्राप्त गरेको रकम ।

(२) कोषमा प्राप्त हुने सबै रकम बौदीकाली आधारभुत अस्पतालको एउटा छुट्टै वैंक खातामा जम्मा गर्नु पर्नेछ ।

(३) कोषमा जम्मा भएको रकमबाट देहाय बमोजिमको खर्च मात्र बेहोरिनेछः

(क) चालकको तलब, भत्ता तथा अन्य सेवा सुविधा,

(ख) एम्बुलेन्स मर्मत सम्भार तथा ईन्धन खर्च,

(ग) समितिको बैठक भत्ता,

(घ) एम्बुलेन्समा आउने अन्य भैपरी खर्चहरु ।

(४) कोषको खाता सञ्चालन बौदीकाली आधारभुत अस्पतालको प्रमुख र बौदीकाली आधारभुत अस्पतालको गाउँपालिकाले तोकेको आर्थिक प्रशासन हेर्ने कर्मचारीको संयुक्त दस्तखतबाट संचालन हुनेछ ।

(५) कोष सञ्चालन सम्बन्धी अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद ५

## विविध

**११. लेखा र लेखापरिक्षणः** (१) एम्बुलेन्स सञ्चालन कोषको आय व्ययको आन्तरिक लेखा परिक्षण बौदीकाली गाउँपालिकाबाट र अन्तिम लेखा परिक्षण तोकिएको लेखापरिक्षकबाट गर्नुपर्नेछ ।

**१२. एम्बुलेन्स रहने स्थानः** बौदीकाली आधारभुत अस्पताल रहनेछ ।

**१३. एम्बुलेन्स मर्मत सम्भारः** एम्बुलेन्सका नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ र मर्मत गर्नु पर्ने भएमा इस्टिमेट गराई दफा ५ बमोजिमको समितिको निर्णयानुसार हुनेछ ।

**१४. कार्यविधिको व्यख्याः** यो कार्यविधिको अन्तिम व्याख्या गाउँ कार्यपालिकाले गर्नेछ ।

**१५. कार्यविधि संसोधनः** यो कार्यविधि संसोधन गर्नुपर्ने भए सेवा व्यवस्थापन तथा अनुगमन गर्ने समितिको सिफारिसको आधारमा कार्यपालिकाले संसोधन गर्न सक्नेछ ।

**१६. बाधा अड्काउ फुकाउनेः** यस कार्यविधिमा उल्लिखित व्यवस्था कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आईपरेमा कार्यपालिकाले निर्णय गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ ।

## अनुसूची-१

(कार्यविधिको दफा ८ को उपदफा (ग) सँग सम्बन्धित)

**एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिताः**

१) बौदीकाली गाउँपालिकाले बनाएको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२ पूर्णतः पालन गर्नुपर्ने,

२) आफ्नो पेशागत भूमिका निर्वाह गर्ने क्रममा इमान्दारिता र विश्वसनीयता कायम गर्दै आफ्नो पेशाको मान मर्यादामा खलल पुग्ने कुनै काम गर्न नहुने,

३) मादक पदार्थ तथा सुर्तिजन्य पदार्थ सेवन गरी एम्बुलेन्स चलाउन नहुने,

४) बिरामीको ओसारपसार तथा उपचार गर्ने क्रममा बिरामी तथा बिरामीको परिवारलाई सधै सम्मानपूर्वक व्यवहार गरी उच्चस्तरीय सेवा प्रदान गर्नुपर्ने,

५) विरामी, कुरुवा तथा विरामीसँग सम्बन्धित सामान बाहेक अन्य सरसामान तथा व्यक्ति (यात्रु) हरुलाई ओसारपसार गर्न नहुने,

६) आफुले लिएको निर्णयहरुमा आफु व्यक्तिगत रुपमा जिम्मेवार र जवाफदेही हुनुपर्ने,

७) आफ्नो पेशागत दक्षता सुधार गर्दै लैजानुका साथै आफुमा भएका पेशागत दक्षता आफ्नो क्षेत्रका अरुलाई पनि सिकाउनु पर्ने,

८) कुनै पनि बिरामीलाई ओसारपसार गर्नु अघि उसको बारेमा पर्याप्त जानकारी लिई उपचारमा सहयोग गर्नुपर्ने,

९) बिरामीलाई बिच बाटोमा छाड्न नहुने,

१०) आफ्नो कामको सिलसिलामा पाएका कुनै पनि सूचना गोप्य राख्नुपर्ने तथा बिरामीहरुवाट पाएको जानकारी कुनै तेस्रो पक्षलाई खोल्न नहुने तर कानुनी र पेशागत दायित्व निर्वाह गर्न वा बिरामीहरुको सेवामा आवश्यक परेमा त्यस्तो सूचनाको बारेमा जानकारी दिन सक्ने,

११) अस्पताल पूर्व सेवा, एम्बुलेन्स सेवा व्यवस्थापनमा सहयोग पुग्ने तथा अनुसन्धानमा मद्दत पुर्याउनु पर्ने,

१२) आफुले उचित देखेको बिरामीको गुणस्तरीय सेवामा प्रभाव पार्ने राम्रा पक्षहरुको जानकारी आफ्नो सुपरिवेक्षक तथा स्वास्थ्य संस्थालाई जानकारी दिनुपर्ने,

१३) नेपाल सरकारले प्रतिबन्ध लगाएका वस्तुहरु ओसारपसार नगर्ने । प्रचलित कानूनको पालना गर्नुपर्ने ।

म....................(नाम)........................................ठेगाना............................................ ना.प्र.नं......................................... जिल्ला, ड्राईभिङ्ग लाईसेन्स नं.................................... ले माथि उल्लेखित आचारसंहिता अध्ययन गरेको छु । .......................................... जिल्ला .................................. संस्थाको एम्बुलेन्स चलाउँदा मैले यो आचारसंहिता पूर्ण रुपमा पालना गर्न सहमति जनाई सहीछाप गरेको छु ।

| <u>चालकको</u> | <u>रोहवरमा प्रमाणित गर्ने व्यक्तिको</u> |
|---|---|
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| नाम/पदः | संस्थाको छापः |

## अनुसूचि-२

(कार्यविधिको दफा ८ को उपदफा (ङ) सँग सम्बन्धित)

## एम्बुलेन्स संचालन लगबुक

सवारी नं.                                                  सवारी चालकको नामः-

| क्र.सं. | मिति | ठाउँ | | दुरी (कि.मि.) | | जम्मा दुरी | सेवा शुल्क रु. | इन्धन | विरामीको नाम | कुरुवाको नाम | ठेगाना | विरामीको प्रकृति | कुरुवाको हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | शुरु | अन्तिम | | | डिजेल | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | | |

# अनुसूचि-३

(कार्यविधिको दफा ९ सँग सम्बन्धित सेवा शुल्क सम्बन्धी दररेट)

## १. बौदीकाली आधारभुत अस्पताल र माथिल्लो अस्पताल सम्म बौदीकाली गाउँपालिकाको विभिन्न वडाका विभिन्न क्षेत्रबाट लाग्ने भाडादर

| क्र.स. | विवरण | एम्वुलेन्स भाडा दर(रु.) | चालक भत्ता(रु.) |
|---|---|---|---|
| १. | बौदीकाली आधारभुत अस्पतालबाट बौदीकाली गाउँपालिकाको जुनसुकै क्षेत्र सम्म | २ कि.मी. सम्म रु. ३०० । | प्रति कि.मी. ५ । |
| २. | बौदीकाली आधारभुत अस्पतालबाट बौदीकाली गाउँपालिकाको जुनसुकै क्षेत्र सम्म | २ कि.मी. सम्म रु. ३०० र २ कि.मी. माथि प्रति कि.मी. रु. ७० । | प्रति कि.मी. ५ |
| २. | बौदीकाली आधारभुत अस्पतालबाट माथिल्लो अस्पताल सम्म | १०० कि.मी. सम्म प्रति कि.मी रु. ७० । | प्रति कि.मी. रु.१२ । |
| ३. | बौदीकाली आधारभुत अस्पतालबाट माथिल्लो अस्पताल सम्म | १०० कि.मी. सम्म रु. ७० प्रति कि.मी. र १०० कि.मी. माथि प्रति कि.मी. रु. ३५ । | १०० कि.मी. सम्म रु १२ र १०० कि.मी माथि प्रति कि.मी रु. ८ . |
| ४. | विरामीलाइ अस्पताल पुर्याएको २ घण्टा भित्र विरामी डिस्चार्ज हुने अवस्था भएमा | | |

| | | | |
|---|---|---|---|
| | फर्कदा, जादा लागेको रकमको ५० % रकम मात्र शुल्क लाग्नेछ । | | |
| ५. | उपचार गर्न लादै गर्दा विरामीको मृत्यु भएमा एम्वुलेन्स खर्च निःशुल्क । | | |
| ६. | बिशेष कारणवस् एम्बुलेन्स विचबाटो बाट फर्कनुपर्ने अवस्था सृजना भएमा एम्वुलेन्स खर्च निःशुल्क । | | |
| ७. | बेवारिसे विरामीलाइ माथिल्लो अस्पताल लानुपर्ने भएमा एम्वुलेन्स खर्च निःशुल्क । | | |

चालकको भत्ता एकतर्फी किलोमिटरमा मात्र गणना हुनेछ ।

प्रमाणीकरण मिति : २०८२/०५/३१

आज्ञाले
राकेश कुमार चौधरी
प्रमुख प्रशासकीय अधिकृत
बौदीकाली गाउँपालिका